12/7/22, 11:52 AM 16. Sahid Latter 1.jpg

कर्णाली प्रदेश सरकार
# आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र संख्या: २०७९/०८० चलानी नं. ९८१ मिति: २०७९/०८/१८

श्री स्थानीय तह सबै,
कर्णाली प्रदेश,

**विषय: सहिद स्मृती भत्ता वितरण प्रयोजनका लागि नामावली एकिन गरी पठाईदिने सम्बन्धमा।**

प्रस्तुत विषयमा जनयुद्ध, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएको आन्दोलनका सहिद वा बेपत्ता परिवारका हकवालालाई सहिद स्मृति भत्ता प्रदान गर्न "सहिद स्मृति भत्ता वितरण निर्देशिका २०७९" मा भएको व्यवस्था बमोजिम नेपाल सरकार गृह मन्त्रालय/जिल्ला प्रशासन कार्यालयवाट प्राप्त विवरणका आधारमा यस मन्त्रालयवाट सहजिकरणका लागि जिल्लागत रुपमा तयार गरिएको मृतक तथा बेपत्ता भएका व्यक्तिहरुको नामावलीको Soft Copy तथा गृह मन्त्रालयवाट प्राप्त विवरण समेत यसै साथ संलग्न राखि पठाइएको छ । सो अनुसार तपसिल बमोजिम हुने गरी नामावली एकिन गरी यस मन्त्रालयमा पठाइदिनुहुन र नामावली एकिन भई आएपश्चात रकम निकासाको व्यवस्था गरिने व्यहोरा मिति २०७९/०८/१३ को (सचिवस्तरीय) निर्णय अनुसार अनुरोध छ।

तपशिल

१. निर्देशिकाको दफा ४(१) र (२) बमोजिम जिल्लागत नामावली तयार गरी पठाइएकोमा संलग्न गृह मन्त्रालयमा/जिल्ला प्रशासन कार्यालयवाट प्राप्त विवरणका आधारमा आ-आफ्नो स्थानीय तहको नामावली रुजु गरी निर्देशिकाको दफा ४(३), ४(४) र दफा ५ बमोजिम गर्नुहुन।

२. प्रकरण नं १ को कार्य सकिएपछि निर्देशिकाको दफा ६ बमोजिम अनुसूची तयार गरी मन्त्रालयमा विवरण पठाउनुहुन। विवरण प्राप्त भएपछि मन्त्रालयले रकम निकासा गर्नेछ।

३. थप स्पष्टताका लागि निर्देशिका समेत यसै साथ संलग्न राखि पठाइएको छ, सो बमोजिम गर्नुहुन ।

निधिराज न्यौपाने
उप-सचिव

मा.मन्त्रीज्यू ०८३-५२५६२२ सचिवज्यू ०८३-५२२५२६ प्रशासन शाखा ०८३-५२३०४५

CamScanner

15. Ghaite Latter 1.jpg

कर्णाली प्रदेश सरकार
# आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र संख्याः २०७९/०८०  चलानी नं. ९८९  मितिः २०७९/०८/१८

श्री स्थानीय तह सबै,
कर्णाली प्रदेश,

**विषयः घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण प्रयोजनका लागि नामावली एकिन गरी पठाईदिने सम्बन्धमा।**

प्रस्तुत विषयमा जनयुद्ध, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएको आन्दोलनका क्रममा घाइते अपांगता भएका व्यक्तिहरुलाई जीवन निर्वाह भत्ता प्रदान गर्न **"घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण निर्देशिका २०७९"** मा भएको व्यवस्था बमोजिम नेपाल सरकार गृह मन्त्रालय/जिल्ला प्रशासन कार्यालयबाट प्राप्त विवरणका आधारमा मन्त्रालयबाट सहजिकरणका जिल्लागत रुपमा तयार गरिएको घाइते अपाङ्गता भएका व्यक्तिहरुको नामावलीको Soft Copy तथा गृह मन्त्रालयबाट प्राप्त विवरण समेत यसै साथ संलग्न राखि पठाइएको छ ।सो अनुसार तपसिल बमोजिम हुनेगरी नामावली एकिन गरी यस मन्त्रालयमा पठाइदिनुहुन र नामावली एकिन भई पश्चात रकम निकासाको व्यवस्था गरिने व्यहोरा मिति २०७९/०८/१३ को (सचिवस्तरीय) निर्णय अनुसार अनुरोध छ।

तपशिल

१. निर्देशिकाको दफा ४ (१) र (२) बमोजिम जिल्लागत नामावली तयार गरी पठाइएकोमा संलग्न गृह मन्त्रालयमा/जिल्ला प्रशासन कार्यालयबाट प्राप्त विवरणका आधारमा आ-आफ्नो स्थानीय तहको नामावली रुजु गरी निर्देशिकाको दफा ४(३) ४(४) र दफा ५ बमोजिम गर्नुहुन ।

२. प्रकरण नं १ को कार्य सकिएपछि निर्देशिकाको दफा ६ बमोजिम अनुसूची तयार गरी मन्त्रालयमा विवरण पठाउनुहुन । विवरण प्राप्त भएपछि मन्त्रालयले रकम निकासा गर्नेछ ।

३. थप स्पष्टताका लागि निर्देशिका समेत यसै साथ संलग्न राखि पठाइएको छ, सो बमोजिम गर्नुहुन ।

निधिराज न्यौपाने
उप-सचिव

मा.मन्त्रीज्यू ०८३-५२५६२२  सचिवज्यू ०८३-५२२५२६  प्रशासन शाखा ०८३-५२३०४५

CamScanner

# घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण निर्देशिका, २०७९

**प्रस्तावनाः** कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम बमोजिम जनयुद्ध, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएका आन्दोलनमा घाइते भई अपाङ्ग भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता उपलब्ध गराउने कार्यलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश विनियोजन ऐन, २०७९ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) ले यो निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण निर्देशिका, २०७९" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "घाइते अपाङ्गता भएका व्यक्ति" भन्नाले जनआन्दोलन, जनयुद्ध र प्रदेश स्थापनाको लागि भएको आन्दोलनको क्रममा शारीरिक रुपमा अङ्गभङ्ग भई प्रचलित कानून बमोजिम नेपाल सरकार, गृह मन्त्रालयले वर्गीकरण गरेको श्रेणीमध्ये विशिष्ट अवस्थाका घाइते अपाङ्ग, प्रथम श्रेणीका घाइते अपाङ्ग, दोस्रो श्रेणीका घाइते अपाङ्ग र तेस्रो श्रेणीका घाइते अपाङ्गमा सूचीकृत भई परिचयपत्र प्राप्त गरेका व्यक्ति सम्झनु पर्छ।

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनको लागि,-

(१) "जनआन्दोलन" भन्नाले सम्वत् २०६२/०६३ सालको जनआन्दोलन सम्झनु पर्छ।

(२) "जनयुद्ध" भन्नाले सम्वत् २०५२ साल फागुन १ गतेदेखि सम्वत् २०६३ साल मंसिर ५ गतेसम्म राज्य पक्ष र तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द्व सम्झनु पर्छ।

(३) "प्रदेश स्थापनाको लागि भएको आन्दोलन" भन्नाले सम्वत् २०७२ सालमा कर्णाली प्रदेश स्थापनाको लागि भएको आन्दोलन सम्झनु पर्छ।

(ख) "बैङ्क" भन्नाले नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति प्राप्त "क" वर्गको बैङ्क सम्झनु पर्छ।

(ग) "भत्ता" भन्नाले जनयुद्ध, जनआन्दोलन र प्रदेश स्थापनाको लागि भएको आन्दोलनका क्रममा घाइते भई अपाङ्गता भएका व्यक्तिलाई यस निर्देशिका बमोजिम उपलब्ध हुने जीवन निर्वाह भत्ता सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(ङ) "स्थानीय तह" भन्नाले घाइते अपाङ्गता भएका व्यक्तिको स्थायी ठेगाना भएको गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।



CamScanner

३. **भत्ता प्राप्त गर्न सक्ने:** (१) कर्णाली प्रदेशमा स्थायी बसोबास भएका घाइते अपाङ्गता भएका व्यक्तिले यस निर्देशिका बमोजिमको जीवन निर्वाह भत्ता प्राप्त गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको भत्ता स्थानीय तह मार्फत उपलब्ध गराइनेछ।

४. **घाइते अपाङ्गता भएका व्यक्तिको पहिचान:** (१) यस निर्देशिका बमोजिम भत्ता वितरण गर्ने प्रयोजनका लागि मन्त्रालयले नेपाल सरकार, गृह मन्त्रालय वा जिल्ला प्रशासन कार्यालयबाट घाइते अपाङ्गता भएका व्यक्तिको विवरण माग गर्नु पर्नेछ।

**स्पष्टीकरण:** यस उपदफाको प्रयोजनको लागि "जिल्ला प्रशासन कार्यालय" भन्नाले घाइते अपाङ्गता भएका व्यक्तिको स्थायी बसोबास भएको जिल्लाको सम्बन्धित जिल्ला प्रशासन कार्यालय सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरणको आधारमा मन्त्रालयले जिल्लागत नामावली सहितको विद्युत्तीय कपी सम्बन्धित जिल्लाको स्थानीय तहमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम विवरण प्राप्त भएपछि सम्बन्धित स्थानीय तहले आफ्नो स्थानीय तहभित्रका घाइते अपाङ्गता भएका व्यक्ति बसाइसराई गरी गए नगएको, मृत्यु भए नभएको समेत जाँचबुझ गरी विवरण तयार गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको विवरण स्थानीय तहले सार्वजनिक सूचना मार्फत प्रकाशन गर्नु पर्नेछ।

५. **निवेदन माग गर्नु पर्ने:** (१) भत्ता उपलब्ध गराउने प्रयोजनका लागि स्थानीय तहले तीस दिनको सार्वजनिक सूचना प्रकाशन गरी घाइते अपाङ्गता भएका व्यक्तिबाट निवेदन माग गर्नु पर्नेछ।

(२) भत्ता प्राप्त गर्न चाहने दफा ४ को उपदफा (४) बमोजिम प्रकाशन भएको सूचनामा नाम समावेश भएको घाइते अपाङ्गता भएका व्यक्तिले अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ।

६. **विवरण पठाउनु पर्ने:** दफा ५ बमोजिम प्राप्त भएको निवेदनको आधारमा स्थानीय तहले घाइते अपाङ्गता भएका व्यक्तिको विवरण तयार गरी अनुसूची-२ बमोजिमको ढाँचामा मन्त्रालयमा पठाउनु पर्नेछ।

७. **रकम उपलब्ध गराउने:** दफा ६ बमोजिमको विवरण प्राप्त भएपछि मन्त्रालयले घाइते अपाङ्गता भएका व्यक्तिलाई सम्वत् २०७९ साल श्रावण १ गतेदेखि प्रति व्यक्ति मासिक दुई हजार रुपैयाँका दरले भत्ता वितरण गर्ने गरी सम्बन्धित स्थानीय तहमा रकम उपलब्ध गराउनेछ।

८. **भत्ता वितरण गर्नु पर्ने:** (१) स्थानीय तहले दफा ७ बमोजिम प्राप्त भत्ता बापतको रकम घाइते अपाङ्गता भएका व्यक्तिले उपलब्ध गराएको बैङ्क खातामा जम्मा गरिदिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम भत्ता उपलब्ध गराउँदा स्थानीय तहले मासिक वा चौमासिक रुपमा उपलब्ध गराउन सक्नेछ।

(३) यस निर्देशिका बमोजिम भत्ता बापत उपलब्ध गराइएको रकम खर्च हुन नसकी बाँकी रहेमा प्रचलित कानून बमोजिम असार मसान्तभित्र सम्बन्धित स्थानीय तहले मन्त्रालयमा फिर्ता गर्नु पर्नेछ।

९. प्रतिवेदन पठाउनु पर्नेः स्थानीय तहले वितरण गरेको भत्ताको विवरण सहितको प्रतिवेदन असार मसान्तभित्र अनुसूची-३ बमोजिमको ढाँचामा मन्त्रालयमा पठाउनु पर्नेछ।

१०. अन्य प्रयोजनमा खर्च गर्न नपाईनेः दफा ७ बमोजिम उपलब्ध गराइएको भत्ता बापतको रकम यस निर्देशिका विपरीत अन्य कुनै पनि प्रयोजनको लागि खर्च गर्न पाइने छैन।

११. विवरण अद्यावधिक गर्नु पर्नेः नेपाल सरकारले विभिन्न समयमा अद्यावधिक गरेका घाइते अपाङ्गता भएका व्यक्तिको विवरणलाई आधार मानी मन्त्रालयले त्यस्तो विवरण अद्यावधिक गर्नु पर्नेछ।

१२. अनुगमन गर्न सक्नेः भत्ता वितरणको कार्य प्रभावकारी भए नभएको सम्बन्धमा आवश्यकता अनुसार मन्त्रालय वा स्थानीय तहको अनुगमन समितिले अनुगमन गर्न सक्नेछ।

१३. लेखा तथा लेखापरीक्षणः स्थानीय तहले वितरण गरेको भत्ताको निकासा र खर्चको लेखा प्रचलित कानून बमोजिम राखी लेखापरीक्षण गराई सोको एकप्रति मन्त्रालययमा पठाउनु पर्नेछ।

१४. बाधा अड्काउ फुकाउन सक्नेः यस निर्देशिका बमोजिम भत्ता वितरण गर्दा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

१५. अनुसूची संशोधन, हेरफेर वा थपघट गर्न सक्नेः मन्त्रालयले आवश्यकता अनुसार अनुसूची संशोधन, हेरफेर वा थपघट गर्न सक्नेछ।

१६. खारेजी र बचाउः (१) घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि, २०७८ खारेज गरिएको छ।

(२) घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि, २०७८ बमोजिम भए गरेका सम्पूर्ण काम कारवाही यस निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

अनुसूची-१

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

**जीवन निर्वाह भत्ता प्राप्तिका लागि दिइने निवेदनको ढाँचा**

मितिः २०...... /.... /...

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,

..................................न.पा./गा.पा.

................. ।

**विषयः जीवन निर्वाह भत्ता उपलब्ध गराई पाउँ।**

म निवेदक जनआन्दोलन/जनयुद्ध/प्रदेश स्थापनाको लागी भएको आन्दोलनको घाइते अपाङ्गता भएको व्यक्ति भएको हुँदा "घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण निर्देशिका, २०७९" बमोजिम ...................................... नगरपालिका/गाउँपालिकाले मिति ...................................... मा प्रकाशित गरेको सूचनामा मेरो नाम समावेश भएकोले निर्देशिका बमोजिमको भत्ता उपलब्ध गराई दिनुहुन देहायका कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु।

**संलग्न कागजातः**

(१) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(२) श्रेणी खुलेको घाइते अपाङ्गताको प्रमाणपत्रको प्रतिलिपि,

(३) बैंक खाता नम्बर खुल्ने कागजात।

**निवेदकको,**

दस्तखतः

नाम थरः

ठेगानाः

बाजेको नामः

बाबुको नामः

आमाको नामः

फोन नं.

CamScanner

अनुसूची-२
(दफा ६ सँग सम्बन्धित)

## स्थानीय तहले मन्त्रालयमा पठाउनु पर्ने विवरणको ढाँचा

मिति: २०...... /.... /...

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
कर्णाली प्रदेश, सुर्खेत।

**विषय: घाइते अपाङ्गता भएका व्यक्तिको विवरण अद्यावधिक गरी पठाइएको सम्बन्धमा।**

घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण निर्देशिका, २०७९ बमोजिम जीवन निर्वाह भत्ता उपलब्ध गराउनका लागि तहाँ मन्त्रालयबाट प्राप्त घाइते अपाङ्गता भएका व्यक्तिको सम्बन्धमा जाँचबुझ गर्दा यस गा.पा/न.पा. ...................... मा रहेका घाइते अपाङ्गता भएका व्यक्तिको अद्यावधिक विवरण देहाय बमोजिमको घाइते अपाङ्गता भएका व्यक्तिको विवरण सङ्कलनको लागि पठाइएको व्यहोरा अनुरोध छ।

### घाइते अपाङ्गता भएका व्यक्तिको विवरण

स्थानीय तहले सूचना प्रकाशन गरेको मिति:

| क्र.सं. | कार्यदल संकेत नं. | घाइते अपाङ्गता भएका व्यक्तिको नाम, थर र ठेगाना | भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | घाइते अपाङ्गता भएका व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्र नं. जारी मिति र जिल्ला | घाइते अपाङ्गताको श्रेणी | बाजेको नाम | बाबुको नाम | आमाको नाम | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

द्रष्टव्य: मन्त्रालयबाट प्राप्त विवरण अनुसार स्थानीय तहले विवरण अद्यावधिक गर्दा घाइते भई अपाङ्गता भएका व्यक्तिको घाइते अपाङ्गता परिचयपत्र भए वा नभएको, बसाइसराई गरी गएको भए हालको ठेगाना कैफियत महलमा स्पष्ट रुपले खुलाई उल्लेख गर्नुपर्नेछ।

कार्यालय प्रमुखको,
दस्तखत:
नाम:
पद:

अनुसूची-३

(दफा ९ सँग सम्बन्धित)

**भत्ता वितरणको प्रतिवेदन मन्त्रालयमा पठाउने ढाँचा**

मितिः २०...... /.... /...

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
कर्णाली प्रदेश, सुर्खेत।

**विषयः प्रतिवेदन पठाइएको सम्बन्धमा।**

घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण निर्देशिका, २०७९ बमोजिम वितरण गरिएको जीवन निर्वाह भत्ताको देहाय बमोजिमको विवरण सहितको प्रतिवेदन पठाइएको व्यहोरा अनुरोध छ।

जीवन निर्वाह भत्ता वितरणको विवरण

| क्र. सं. | घाइते अपाङ्गता भएको व्यक्तिको नाम, थर र ठेगाना | भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण | | | | | जीवन निर्वाह भत्ता जम्मा भएको रकम | रकम जम्मा गरिएको बैंकको नाम र मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | घाइते अपाङ्गता भएको व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्र नं. जारी मिति र जिल्ला | घाइते अपाङ्गता श्रेणी | बाजेको नाम | बाबुको नाम | आमाको नाम | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

तहाँ मन्त्रालयवाट प्राप्त भएको रु. ................................ मध्ये निर्देशिका बमोजिम जम्मा रु. ................ खर्च भई रु. ........................ बाँकी रहेको व्यहोरा जानकारी गराउँदै असार मसान्तभित्र खर्च नभई बाँकी रहेको रकम दफा ८ को उपदफा (३) बमोजिम मन्त्रालयमा फिर्ता गरेको व्यहोरा समेत अनुरोध छ।

कार्यालय प्रमुखको,
दस्तखतः
नामः
पदः



CS CamScanner

कर्णाली प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

वीरेन्द्रनगर सुर्खेत, नेपाल

द्वन्द्वको क्रममा घाइतेअपाङ्ग भएका व्यक्तिको विवरण (गृह मन्त्रालयको अभिलेखबाट प्राप्त विवरण बमोजिम)

जिल्ला: सुर्खेत

यो विवरण नेपाल सरकार गृह मन्त्रालयबाट प्राप्त विवरणको आधारमा स्थानीय तहमा कार्यसम्पादन गर्न सहजीकरणका लागि डिजिटल कपी तयार गरिएको हो ।

| सि.नं. | घाइतेको नाम थर | लिङ्ग | ठेगाना | मृत्यु भएको | घटना कसले | अपाङ्गताको प्रकृति | प्रतिशत | घटना घटित मिति | स्थान | बाबु आमा र आश्रीतको नाम | नाता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कुन्ती गिरी | पुरुष | लाटिकोईली ९ | | राज्यपक्ष | दायाँ पाखुरामा गोली लागी दुई वटा औँला नचल्ने | २०% | ५/९/२०६० | पाँचथर | जवर गिरी | बुवा |
| २ | | | | | | | | | | | |
| ३ | पुर्ण बहादुर खड्का | पुरुष | जर्बुटा २ | | बिद्रोहीपक्ष | दोहोरो भिडन्तमा परी पेटमा गोलीले छेडेको.अप्रेशन गरेको कृतिम आन्द्रा हालेको | | २०६२/१२/२५ | रुकुम | | |
| ४ | महेन्द्रदेव गिरी | पुरुष | उत्तरगंगा १ | | राज्यपक्ष | कूटपिट गर्दा टाउकोको तालुमा गहिरो चोट लागेको आँखा दुखे बाँया कोखाको दुईवटा करङ थिचिएको गुद्दार दुखिरहेको मानसिक असन्तुलन हुने | | २०५९/०९/०३ | सुर्खेत बाढेसिमल | बासुदेवी गिरी | आमा |
| ५ | डिल बहादुर कामी | पुरुष | वीरेन्द्रनगर नगरपालिका१ | | राज्यपक्ष | मेरुदण्डमा गोली लागि हिडडुल गर्न नसक्ने | | २०५८/०१/०४ | सुर्खेत.रेडियो नेपाल नजिक | शान्ता कामी | श्रीमती |
| ६ | गोपाल आचार्य | पुरुष | उतरगगाँ ७ | | राज्यपक्ष | खुट्टा भाचिएको र दुइवटा दाँत भाचिएको | | २०५९/०३/२७ | सुर्खेत | कौशिला आचार्य | श्रीमती |
| ७ | तारा सुनार | महिला | तातापानी ७ | | राज्यपक्ष | विष्फोटक पदार्थ विष्फोट भइ बायातिरको हिपमा लागि बाया हिप आधा क्षतविक्षेत भइ प्यारालाइसिस भएको शरिरको विभिन्न ठाँउमा सात वटा छर्रा निकाल्न बाँकी | | २०६२/१२/८ | सुर्खेत | मिलन बिक | श्रीमान् |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | चित्र बहादुर भण्डारी | पुरुष | वीरेन्द्रनगर नगरपालिका६ | | विद्रोहीपक्ष | विद्यालयमा आगव लगाउदा कम्मर मुनी दुवै खुट्टा जलेका दुवै हात जलेको | | २०५८/०३/१२ | सुर्खेत | चन्द्रबहादुर भण्डारी | बुवा |
| ९ | अर्जुन कुमार कटुवाल | पुरुष | वि.न.पा. ६ | | राज्यपक्ष | दुवै खुट्टा दुवै तिघ्रा दुवै खुट्टाको साप्रा दाह दाहिने हात दाहिने आँखा र टाउकोमा बमका छर्रा र गोली लागेको | | २०६०/०३/१० | बर्दिया | कविता कटुवाल | श्रीमती |
| १० | शान्ति बास्तोला | महिला | वि.न.पा. २ | | राज्यपक्ष | टउकोमा गम्भिर चोट लागी दुखिरहने र दुवै खुट्टमा चोट लागी हिडडुल गर्न अप्ठेरो उठबस गर्न गाह्रो उपचार गरिरहनु पर्ने | | २०६२/०१/०१ | सुर्खेत | | |
| ११ | गौरी दमाई | महिला | वि.न.पा.१ | | विद्रोही पक्ष | गोली बायाँ पट्टीको हिपबाट छेडी यौनी नजिक अड्किएको पछि अप्रेसन गरी निकालिएकी हाल हिडडुल गर्न समस्या हुने | | २०५९/०९/१५ | सुर्खेत | तुलाराम दमाई | श्रीमान् |
| १२ | बालकुमारी रोकाय | महिला | वि.न.पा.११ | वि | विद्रोही पक्ष | बेवारिसे बम बिष्फोट भइ शरिरमा ६ वटा छर्रा लागेको | | २०६०/१०/०२ | सुर्खेत | जयबहादुर रोकाय | श्रीमान् |
| १३ | भक्तबहादुर कटुवाल | पुरुष | वि.न.पा.११ | व | विद्रोही पक्ष | भिडन्तमा परी घाटीमा बमको छर्रा लागेको बमको कारदले दुवै आखा कमजोर भइ कम देखे मुखको बाँयापट्टी च्यापुको तलको ४ वटा र माथिको २ वटा दात झरेको | | २०५९/०७/२८ | जुम्ला | | |
| १४ | कृपाराम शर्मा | पुरुष | लाटिकोइली ६ | वि | विद्रोही पक्ष | भिडन्तमा परी दायाँ खुट्टाको साप्रामा गोली लागेको दाया कोखको करङ र कम्मरमा बमका छर्रा लागेको | | २०५६/११/०६ | रोल्पा | | |
| १५ | कुम्भप्रसाद शर्मा | पुरुष | वि.न.पा. १२ | | विद्रोही पक्ष | एम्बुसमा परी दाया खुट्टाको साप्रमा गोली लागेको र बाँया हात कुइनादेखी भाचिएको र बाया कानको जाली फुटेर नसुन्ने भएको | | ७/२/२०५७ | | | |
| १६ | चित्र बहादुर बम | पुरुष | वि.न.पा.११ | | राज्यपक्ष | दाहिने हातको बुढीऔंला जरैदेखी नभएको र छाती र कम्मरमा बमको धमकाले गमेभिर असर परी श्वासप्रश्वासमा असर पर्नुको साथै हिडडुल गर्दा पिडा हुने | | १२/२७/२०६० | म्याग्दी | शेरमा बम | श्रीमती |
| १७ | पहेलो कामी | पुरुष | वि.न.पा.११ | | राज्यपक्ष | लाटी प्रहारको कारण दुवै कान फुटी कान नसुन्ने भएको | | २०६२/११/२९ | सुर्खेत | | |
| १८ | निराजन विष्ट | पुरुष | वि.न.पा.७ | रा | राज्यपक्ष | बायाँ खुट्टाको गोलीगाठा भाचिएर हिडडुल गर्न समस्या पर्ने अप्रेसन गर्न पर्ने | | २०६२/१०/१९ | सुर्खेत | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | कुन्ती गिरी अर्चना | ला | लाटिकोइली ९ | | राज्यपक्ष | दाहिने पाखुरामा गोली लागेर दुइ वटा औला नचल्ने | २० | २०६०/०५/०९ | पाँचथर | | |
| २० | कालुराम चौधरी | पुरुष | उत्तरगंगा ५ | | विद्रोही पक्ष | भिडन्तमा बमको छर्रा लागि बायाँ हात नचल्ने र बायाँ खुट्टा समेत नभएको | ५० | २०६१/०१/२८ | ललितपुर गोठिखोल | | |
| २१ | टेकराज वली | पुरुष | लाटिकोइली ९ | | विद्रोही पक्ष | छातीको जोर्नी फुटी दुइ वटा करङ्ग फुटेको | २० | २०५९/१०/०९ | | | |
| २२ | चन्द्र बहादुर चौधरी | | लाटिकोइली ६ | | नखुलेको | दुबै हात र कानमा बमको छर्रा लागी कान नसुन्ने ताथा हात नचल्ने | ३० | २०६२/१०/२९ | नखुलेको | | |
| २३ | मानबहादुर खड्का | पुरुष | उत्तरगंगा १ | | विद्रोहीपक्ष | दोहीरो भिडन्तमा गर्दा भिरबाट लडी आखा र टेकोमा चोट लागी आखाको दृष्टी र मानसिक स्थिती कमजोरर भएको | २० | २०६०/०६/१९ | | | |
| २४ | गोपाल बहादुर राना | पुरुष | वीरेन्द्रनगर ११ | | विद्रोहीपक्ष | बाया आखाँमा प्रस्ट नदेख्ने | ३० | ८/३/२०६२ | काभ्रेपलाञ्चोक | तिर्थबहाखुर राना मगर | बुवा |
| २५ | महेन्द्रदेव गिरी | पुरुष | उत्तरगंगा १ | | राज्यपक्ष | बुटपिट गर्दा टाउकोको तालुमा गहिरो चोट लागेकोले आखाँ दुख्ने बाया कोखको एउटा दुइ वटा करङ्ग थिचिएको गुद्वार दुखिरहने मानसिक असन्तुलन हुने | | ९/३/२०५९ | सुर्खेत वाङ्गेसिमल | बाशुदेवी गिरी | |
| २६ | डिलबहादुर कामी | पुरुष | वीरेन्द्रनगर नगरपालिका | | राज्यपक्ष | मेरुदण्डमा गोली लागी हिडडुल गर्न नसक्ने | | १/४/२०५८ | सुर्खेत रेडियो नेपाल सुर्खेत नजिक | शान्ता कामी | श्रीमती |
| २७ | गोपाल आचार्य | पुरुष | उत्तरगंगा ७ | | राज्यपक्ष | खुट्टा भाचिएको र दुइवटा दाँत भाचिएको | | ३/२७/२०५९ | सुर्खेत | कोशिला आचार्य | श्रीमती |
| २८ | तारा सुनार | महि ला | तातापानी ७ | | राज्यपक्ष | विष्फोटक पदार्थ विष्फोट भइ बायातिरको हिपमा लागि बाया हिप आधा क्षतविक्षेत भइ प्यारालाइसिस भएको शरिरको विभिन्न ठाँउमा सात वटा छर्रा निकाल्न बाँकी | | १२/८/२०६२ | दैलेख | मिलन वि.क | श्रीमान |
| २९ | चित्र बहादुर भण्डारी | पुरुष | वीरेन्द्रनगरनगर पालिका ६ | | विद्रोहीपक्ष | विद्यालयमा आगव लगाउदा कम्मर मुनी दुबै खुट्टा जलेका दुबै हात जलेको | | ३/१२/२०५८ | सुर्खेत | चन्द्रबहादुर भण्डारी | बुवा |
| ३० | अर्जुन कुमार कटुवाल | पुरुष | वीरेन्द्रनगर नगरपालिका ६ | | राज्यपक्ष | दुबै खुट्टा दुबै तिघ्रा दुबै खुट्टाको साप्रा ढाड दाइने हात दाहिने आँखा र टाउकोमा बमका छर्रा र गोली लागेको | | ३/१०/२०६० | बर्दिया | कविता कटुवाल | श्रीमती |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३१ | शान्ती वास्तोला | महिला | वीरेन्द्रनगर नगरपालिका २ | | राज्यपक्ष | टाउकोमा गम्भिर चोट लागि दुखिरहने दुबै खुट्टामा चोट लागि हिडडुल गर्न अफ्ठेरो उठबस गर्न गाह्रो उपचार गरिरहनु पर्ने | | १/१/२०६२ | सुर्खेत | | |
| ३२ | गौरी दमाई | महिला | वीरेन्द्रनगर नगरपालिका १ | | विद्रोहीपक्ष | गोली बाँयापट्टफीको हिपबाट छेडी योनी नजिक अड्डिएको पछि अप्रेसन गरी निकालिएको हाल हिडडुल गर्न समस्या हुने | | ९/१५/२०५९ | सुर्खेत | तुलाराम दमाई | श्रीमान |
| ३३ | बालकुमारी रोकाय | महिला | वीरेन्द्रनगर नगरपालिका ११ | | विद्रोहीपक्ष | बेवारिसे बम विष्फोट भइ शरिरमा ८ वटा छर्रा लागेको | | १०/२/२०६० | सुर्खेत | जयबहादुर रोकय | श्रीमान |
| ३४ | भक्तबहादुर कटुवाल | पुरुष | वीरेन्द्रनगर नगरपालिका ११ | | विद्रोहीपक्ष | भिडन्तमा परी घाटीमा बमको छर्रा लागेको बमको बारुदले दुबै आखा कमजोर भइ कम देख्ने मुखको बाँयापट्टी च्यापुको तलको ४ वटा र माथिको २ वटा दात झरेको | | ७/२८/२०५९ | जुम्ला | | |
| ३५ | कृपाराम शर्मा | पुरुष | लाटिकोइली ६ | | विद्रोहीपक्ष | भिडन्तमा परी दायाँ खुट्टाको साप्रामा गीदी लागेको दाया कोखको करङ्ग र कम्मरमा बमका छर्रा लागेको | | ११/६/२०५६ | रोल्पा | | |
| ३६ | कुम्भप्रसाद शर्मा | पुरुष | वीरेन्द्रनगर नगरपालिका १२ | | विद्रोहीपक्ष | एम्बुसमा परी दाया खुट्टाको साप्रमा गोली लागेको र बाँया हात कुइनादेखी भाचिएको र बाया कानको जाली फुटेर नुसुन्ने भएको | | २०५७/०७/०२ | | | |
| ३७ | चित्र बहादुर बम | पुरुष | वीरेन्द्रनगर नगरपालिका ११ | | राज्यपक्ष | दाइनर् हातको बुढीऔंला जरैदेखी नभएको र छाति र कम्मरमा बमको धमकाले गम्भिर असर परी श्वासप्रश्वासमा असर पर्नुको साथै हिडडुल गर्दा पिडा हुने | | २०६०/१२/२७ | म्याग्दी | शेर्मा बम | श्रीमती |
| ३८ | पहेले कामी | पुरुष | वीरेन्द्रनगर नगरपालिका ११ | | राज्यपक्ष | लट्ठि प्रहारका कारण दुबै कान फुटी कान नसुन्ने भएको | | ११/२९/२०६२ | सुर्खेत | | |
| ३९ | निराजन विष्ट | पुरुष | वीरेन्द्रनगर नगरपालिका ७ | | राज्यपक्ष | दाया खुट्टाको गोलीगाडा भाचिएर हिपडडुन गर्न समस्या पर्ने र अप्रेसन गर्नु पर्ने | | १०/१९/२०६२ | सुर्खेत | | |
| ४० | रत्नबहादुर नेपाली | पुरुष | वि.न.पा ६ | | राज्यपक्ष | यातनाका कारण उपचार गर्नु पर्ने | १० | २/१/२०६१ | जिल्ला हिरासत | कर्ण हादुर नेपाली | |
| ४१ | गौरी नेपाली | महिला | वि.न.पा १ | | राज्यपक्ष | दायाँ खुट्टाको तिघ्रमा गोली | १० | १/१५/२०५९ | वि.प.पा | देवीराम नेपाली | बुवा |

CamScanner

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४२ | नारायण वि.क | पुरुष | उत्तरगंगा ८ | | राज्यपक्ष | टाउकोमा ५ वटा टाका लागेको | १० | १०/१२/२०६२ | वि.न.पा | डम्बर बहादुर वि.क | बुवा |
| ४३ | रमेशबहादुर रजवार | पुरुष | वीरेन्द्रनगर ३ | | विद्रोहीपक्ष | टाउकोमा गोली लागेको | १० | ८/९/२०५८ | दाङ्ग घोराही | लालबहादुर रजवार | बुवा |
| ४४ | पूर्णबहादुर खड्का | पुरुष | वीरेन्द्रनगर ३ | | विद्रोहीपक्ष | टाउकोमा छर्रा लागेको | १० | १/६/२०६२ | रुकुम | मिना खड्का | श्रीमती |
| ४५ | पदम बहादुर कार्की | पुरुष | वि.न.पा २ | | विद्रोहीपक्ष | मेरुदण्डको एल १ एल २ हड्डी भाचिएको | ३० | १२/१५/२०५६ | बर्दिया | रामकुमारी कार्की | श्रीमती |
| ४६ | कृष्ण प्रसाद तिमिल्सिना | पुरुष | तातापनी ८ | | विद्रोहीपक्ष | वायाँ खुट्टा भाचिएको | २० | २०५८ | | | |
| ४७ | केदार कडेल | पुरुष | बी.न.पा ४ | | विद्रोहीपक्ष | भिडन्तमा परी बायाँ हात गुमेको | ५० | १०/१९/२०६१ | बी.न.पा | | |
| ४८ | मानबहादुर भण्डारी | पुरुष | उत्तरगंगा २ | | विद्रोहीपक्ष | एम्बुसमा परी छर्रा लागेको | १० | ११/२८/२०५९ | बर्दिया | | |
| ४९ | कृष्ण प्रसाद तिमिल्सिना | पुरुष | तातापानी ८ | | विद्रोहीपक्ष | वायाँ खुट्टा भाचिएको | २० | २०५८ | | | |
| ५० | रविन्द्र रेग्मी | पुरुष | लाटिकोइली १ | | राज्यपक्ष | छातीमा बमको टुक्रा लागेको | १० | १२/२१/२०६१ | नेपालगञ्ज | | |
| ५१ | चिन बहादुर बम | | वीननपा १२ | | | | २५ | गृह मन्त्रालयको मिति ०७९/५/२६ च.नं. ९१ को पत्रानुसार नाम समावेश गरिएको | | | |
| ५२ | दिपानन्द अधिकारी | महिला | वीननपा ३ | | | | २५ | | | | |

द्वन्द्वको क्रममा मृत्यु भएका व्यक्तिको विवरण (गृह मन्त्रालयको अभिलेखबाट प्राप्त विवरण बमोजिम)

जिल्लाः सुर्खेत

**यो विवरण नेपाल सरकार गृह मन्त्रालयबाट प्राप्त विवरणको आधारमा स्थानीय तहमा कार्यसम्पादन गर्न सहजीकरणका लागि डिजिटल**

| सि.नं. | मृतकको नाम थर | लिङ्ग | ठेगाना | मृत्यु भएको मिति | घटना कसले गराएको | घटना घटित | हकवालाको नाम | हकवालाको लिङ्ग | नाता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | साविक | | | | | | | |
| १ | भक्त बहादुर सुनार | पु | वी.न.न.पा १ | ०२/१५/२०६३ | विद्रोही पक्ष | भोजपुर | लक्ष्मी कुमारी सुनार | म | आमा | |
| २ | उदयराम वजगाई | पु | तातापानी ९ | ११/८/२०६२ | विद्रोही पक्ष | सुर्खेत | गणेश प्रसाद वजगाई | पु | छोरा | |
| ३ | खगेन्द्र नेपाली | पु | वी.न.न.पा ३ | ८/२८/२०५९ | राज्यपक्ष | सुर्खेत | चन्द्रा नेपाली | म | श्रीमती | |
| ४ | प्रवेश बुढथापा | पु | वी.न.पा ८ | ११/४/२०६२ | राज्यपक्ष | सुर्खेत | क्षितिज बुढथापा | पु | छोरा | खेम ब.वढथापा संरक्षक |
| ५ | पप्पु कामी | पु | उत्तरगंगा २ | २/५/२०६२ | राज्यपक्ष | सुर्खेत | कमला कामी | म | आमा | |
| ६ | प्रेम बहादुर थापा | पु | लाटीकोइली ९ | ६/७/२०६८ | विद्रोही पक्ष | दैलेख | मनसरा थापा | म | श्रीमती | |
| ७ | बल बहादुर कार्की | पु | लाटीकोइली ९ | १२/२८/२०६१ | नखुलेको | | | | | |
| ८ | बल बहादुर रेग्मी | पु | वी.न.न.पा २ | ११/१२/२०५८ | राज्यपक्ष | दैलेख | देव बहादुर रेग्मी | पु | बुवा | |
| ९ | जनक चौधरी | पु | उत्तरगंगा २ | ४/१/२०५८ | राज्यपक्ष | वाजुरा | बुधनी चौधरी | म | आमा | |
| १० | नन्दलाल सुवेदी | पु | लाटीकोइली १ | १२/३०/२०५६ | विद्रोही पक्ष | नखुलेको | | | | |
| ११ | याम बहादुर चुनारा | पु | जर्वुटा ३ | २०५८/०४/० | विद्रोही पक्ष | नखुलेको | यामकुमारी चुनारा<br>वर्षात चुनारा<br>हिमाल चुनारा | म<br>पु<br>पु | श्रीमती<br>छोरा<br>छोरा | |
| १२ | यमराज चौधरी | पु | लाटोकोइली ९ | १०/२४/२०५७ | राज्यपक्ष | सुर्खेत | साउनी थरुनी<br>सन्तोष चौधरी | म<br>पु | श्रीमती<br>छोरा | |
| १३ | यज्ञ बहादुर गुरुङ्ग | पु | वी.न.न.पा २ | ९/२/२०५८ | विद्रोही पक्ष | नखुलेको | दुर्गा गुरुङ्ग<br>सरोज गुरुङ्ग | म<br>पु | श्रीमती<br>छोरा | |

CamScanner

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | तुल प्रसाद सुवेदी | पु | जर्बुटा १ | ६/३/२०६० | विद्रोही पक्ष | नखुलेको | डिलसरा सुवेदी<br>विजया सुवेदी<br>सौगात सुवेदी<br>मधुसुदन सुवेदी | म<br>म<br>पु<br>प | नखुलेको<br>श्रीमती<br>छोरा<br>छोरा | |
| १५ | भरतदेव भारती | पु | उत्तरगंगा ९ | १२/२७/२०६१ | विद्रोही पक्ष | नखुलेको | | | | |
| १६ | युवक थानी | पु | वी.न.न.पा १ | ११/१३/२०५८ | राज्यपक्ष | सुर्खेत | प्रमाप्रसाद थानी | प | बुवा | |
| १७ | नन्दराम भण्डारी | पु(प्रहरी) | लाटोकोइली | ११/७/२०५६ | विद्रोही पक्ष | रोल्पा | काशिराम भण्डारी | पु | बुवा | |
| १८ | शन्तोष अधिकारी | पु(प्रहरी) | लाटीकोइली ४ | १०/८/२०५९ | विद्रोही पक्ष | जुम्ला | | | | |
| १९ | विर बहादुर खाम्चा | पु(प्रहरी) | वीरेन्द्रनगर ११ | ६/९/२०५७ | विद्रोही पक्ष | डोल्पा | निर्मला खाम्चा | म | श्रीमती | |
| २० | गण्श जैसी | पु(प्रहरी) | तातापानी | १०/२१/२०५७ | विद्रोही पक्ष | सुर्खेत | इन्द्र जैसी | म | श्रीमती | |
| २१ | चन्द्र प्रताप राठौर | पु | लाटीकोइली | ११/१३/२०६१ | विद्रोही पक्ष | कैलाली | चाँदनी सिंह राठौर | म | श्रीमती | |
| २२ | जंग बहादुर नेपाली | पु(स.प्रहरी) | लाटीकोइली ४ | १२/२४/२०५७ | विद्रोही पक्ष | दैलेख | दिल बहादुर नेपाली | पु | बुवा | |
| २३ | सुन्दर गौतम | पु(स.प्रहरी) | वीरेन्द्रनगर ३ | ११/१७/२०६१ | विद्रोही पक्ष | कैलाली | खगीसरा गौतम | म | आमा | |
| २४ | तुल्सी प्रसाद ढकाल | पु(प्रहरी) | जर्बुटा ५ | २०५८/०४/० | विद्रोही पक्ष | वाजुरा | | | | |
| २५ | भक्त बहादुर दमाई | पु(प्रहरी) | जर्बुटा ४ | ६/२७/२०५८ | विद्रोही पक्ष | रुकुम | | | | |
| २६ | लोक बहादुर खड्का | पु(प्रहरी) | उत्तरगंगा ८ | ११/५/२०५८ | विद्रोही पक्ष | अछाम | | | | |
| २७ | पदम बहादुर खत्री | पु(सैनिक) | लाटीकोइली ७ | ४/२/२०५९ | विद्रोही पक्ष | बाँके | | | | |
| २८ | टेक बहादुर सुनार | पु(सैनिक) | वीरेन्द्रनगर १ | ११/२६/२०५८ | विद्रोही पक्ष | चितवन | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २९ | कर्ण बहादुर कामी | पु(सैनिक) | वी.न.न.पा ११ | १/१/२०५९ | नखुलेको | दाङ्ग | | | | |
| ३० | थिर बहादुर राना | पु(सैनिक) | उत्तरगंगा ८ | १२/२५/२०६० | विद्रोही पक्ष | सुर्खेत | | | | |
| ३१ | खुमलाल चपाई | पु(सैनिक) | जर्बुटा ५ | २०६०/७०/०८ | विद्रोही पक्ष | चितवन | | | | |
| ३२ | डम्वर बहादुर चौधरी | पु(सैनिक) | उत्तरगंगा ४ | १/२६/२०५९ | विद्रोही पक्ष | रोल्पा | | | | |
| ३३ | दान बहादुर मल्ल | पु(सैनिक) | लाटीकोइली ७ | १२/२३/२०६० | विद्रोही पक्ष | काभ्रेपलान्चोक | | | | |
| ३४ | हरिलाल जैसी | पु(सैनिक) | उत्तरगंगा ८ | ५/२३/२०५९ | विद्रोही पक्ष | अर्घाखाँची | | | | |
| ३५ | देवेद्र बहादुर शाही | पु(सैनिक) | लाटीकोइली ७ | ११/१६/२०६१ | विद्रोही पक्ष | नखुलेको | | | | |
| ३६ | रमेश बहादुर शाही | पु(सैनिक) | लाटीकोइली ९ | ४/५/२०६२ | विद्रोही पक्ष | सिराहा | | | | |
| ३७ | रामचन्द्र शाह | पु(सैनिक) | लाटीकोइली ७ | ३/२२/२०६१ | विद्रोही पक्ष | दाङ्ग | | | | |
| ३८ | अर्जुन गन्द्रमा | पु(सैनिक) | जर्वुटा,पाँचघरे ५ | २/२/२०६२ | विद्रोही पक्ष | उदयपुर | | | | |
| ३९ | रमेश चौधरी | पु(सैनिक) | उत्तरगंगा ३ | ४/२४/२०६२ | विद्रोही पक्ष | कालिकोट | | | | कोलडाँडा |
| ४० | सन्दिप कुमार वि.क | पु(सैनिक) | वीरेन्द्रनगर १२ | १/२०/२०६२ | नखुलेको | नवलपरासी | | | | |
| ४१ | नन्द बहादुर रोकाया | पु(सैनिक) | लाटीकोइली ७ | ५/२३/२०६२ | नखुलेको | जाजरकोट | विजयालक्ष्मी रोकाया<br>भिम बहादुर रोकाया<br>चित्रादेवी रोकाया<br>संगीतकुमार रोकाया<br>सौगात कुमार रोकाया | श्रीमती<br>वुवा<br>आमा<br>छोरा<br>छोरा | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४२ | राम बहादुर चौधरी | पु(सैनिक) | लाटीकोइली | २०६२/०६/२३५ | विद्रोही पक्ष | कन्चनपुर | | | | |
| ४३ | कुमार घर्ती | पु | जर्बुटा ९ | १२/२३/२०५८ | राज्यपक्ष | सुर्खेत | गगनसिंह घर्ती | पे | बुवा | |
| ४४ | विष्णु ढुगांना | पु | वीरेन्द्रनगर ५ | १०/१३/२०५८ | राज्यपक्ष | | रत्नप्रसाद ढुगाँना | पु | बुवा | |
| ४५ | पुष्प बहादुर सुनार | पु | सुर्खेत | ५/७/२०५९ | राज्यपक्ष | सुर्खेत | | | | |
| ४६ | शान्ता पोखरेल गौतम | पु | वी.न.नपा १० | ११/३/२०५६ | राज्यपक्ष | सुर्खेत | | | | |
| ४७ | मनिराम चौधरी | पु | लाटीकोइली | १०/२४/२०५७ | राज्यपक्ष | सुर्खेत | | | | |
| ४८ | कुल बहादुर मल्ल | पु | लाटीकोइली ९ | १/३०/२०५८ | राज्यपक्ष | सुर्खेत | | | | चालक |
| ४९ | चक्र बहादुर मल्ल | पु | वीरेन्द्रनगर ४ | ३/२२/२०५९ | विद्रोही पक्ष | सुर्खेत | चन्द्रा मल्ल | म | श्रीमती | |
| ५० | भगवती मल्ल | म | लाटीकोइली ९ | ९/११/२०५९ | राज्यपक्ष | दैलेख | बल बहादुर मल्ल | पु | बुवा | |
| ५१ | पंख बहादुर विष्ट | पु | उत्तरगंगा ३ | १०/२५/२०५५ | राज्यपक्ष | कालिकोट | नर बहादुर विष्ट | पु | बुवा | |
| ५२ | षडानन्द काफ्ले | पु | बीरेन्द्रनगर ७ | ११/१०/२०५८ | राज्यपक्ष | सुर्खेत | नन्दलाल काफ्ले | पु | बुवा | |
| ५३ | सर्वजित चौधरी | पु | लाटीकोइली ८ | ११/९/२०५९ | राज्यपक्ष | सुर्खेत | रिसाली चौधरी | म | आमा | |
| ५४ | धन बहादुर चौधरी | पु | उत्तरगंगा २ | २०५७ | राज्यपक्ष | कालिकोट | जोगिराम चौधरी | पु | बुवा | |
| ५५ | दुर्ग बहादुर चौधरी | पु | उत्तरगंगा २ | २०६० | राज्यपक्ष | सुर्खेत | जोगिराम चौधरी | पु | बुवा | |
| ५६ | वीर बहादुर वि.क | | वीरेन्द्रनगर ११ | २/१३/२०५९ | राज्यपक्ष | रुकुम | | | | |
| ५७ | केशव खनाल | पु | वीरेन्द्रनगर १ | ६/२३/२०५९ | राज्यपक्ष | अर्घाखाँची | | | | |
| ५८ | जगुराम चौधरी | | उत्तरगंगा ५ | ९/९/२०६० | राज्यपक्ष | सुर्खेत | भिम बहादुर चौधरी | पु | बुवा | |
| ५९ | खुम प्रसाद चपाई | पु | जर्वुटा २ | २०५८/१२/ | राज्यपक्ष | सुर्खेत | | | | |
| ६० | बम बहादुर कार्की | पु | लाटीकोइली ९ | १२/२८/२०६१ | नखुलेको | नखुलेको | | | | |
| ६१ | गंगा प्रसाद सुवेदी | पु | जर्वुटा १ | ६/३/२०६० | विद्रोही पक्ष | नखुलेको | डिल कुमारी सुवेदी<br>विजया सुवेदी<br>सौगात सुवेदी<br>मधुसुदन सुवेदी | म<br>म<br>पु<br>पु | नखुलेको<br>श्रीमती<br>छोरा<br>छोरा | |

CamScanner

कर्णाली प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

वीरेन्द्रनगर सुर्खेत, नेपाल

द्वन्द्वको क्रममा बेपत्ता भएका व्यक्तिको विवरण (गृह मन्त्रालयको अभिलेखबाट प्राप्त विवरण बमोजिम)

जिल्लाः सुर्खेत

| सि.नं. | बेपत्ता भएका व्यक्तिको नाम थर | लिङ्ग | बुवा आमाको नामथर | ठेगाना | बेपत्ता भएको मिति | घटना घटित जिल्ला | बेपत्ता कसले गराएको |
|---|---|---|---|---|---|---|---|
| १ | शान्ता पोखरेल गौतम | महिला | ऋषिराज गौतम | विरेन्द्रनगर ११ | ११/३/२०५६ | नेवारे खोला नजिक | |

CamScanner